प्रदेशसरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, नेपाल

प.सं.-प्र./३/१/१५/२०७७/०७८

च.नं.-१६१४

मितिः २०७८/०१/२१

श्री सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा।

विषयः कोभिड-१९ सम्बन्धी मन्त्रिपरिषद्को निर्णय सम्बन्धी सक्कलै पत्र पठाइएको बारे।

उपर्युक्त विषयमा विश्वमा फैलिदै गइरहेको नयाँ भेरयन्ट सहितको कोभिड-१९ महामारीको नेपालमा समेत संक्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचारका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/१९ को वैठकले गरेको निर्णयहरु आवश्यक कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको च.नं. १५७६, मिति २०७८/०१/२० को पत्र साथ प्राप्त हुन आएकोले सो सम्बन्धी सक्कलै पत्र सहितका कागजातहरु यसै साथ संलग्न राखी पठाइएको छ। विस्तृत व्यहोरा सोहीबाट अवगत गर्नु भई लेखि आए बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

२०७८/०१/२१

(अशोष खड्का)
अधिकृत सातौं

बोधार्थः-

श्री स्थानीय निकाय सबै
बागमती प्रदेश।
श्री मु.म. तथा म.प.का.
(सूचना तथा सञ्चार शाखा)- वेभसाइटमा अपलोड गरि दिनु हुन अनुरोध छ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- १५७६

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०७८/१/२०

**विषय :-** मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय, सबै

श्री जिल्ला प्रशासन कार्यालय, सबै

श्री स्वास्थ्य निर्देशनालय, सबै

श्री स्थानीय तहहरू, सबै

उपरोक्त सम्बन्धमा विश्वभरि फैलिदैं गैरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको नेपालमा समेत संक्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचारका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/१९ को बैठकले गरेका निर्णयहरू आवश्यक कार्यका लागि निर्देशानुसार यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थः

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै

डा. समिरकुमार अधिकारी
प्रमुख HEOC



"जनस्वास्थ्यका मापदण्डहरुको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.:- म.बै./२२१/५२८६

मिति: २०७८/१/१९

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्बन्धी विषय मं.प.बै.सं. ४/०७८ मिति २०७८/१/१९ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय-</u>

"विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को सङ्क्रमण नेपालमा बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा देहायबमोजिम गर्ने गराउने:-

१. मिति २०७८ बैशाख २० गते राति १२:०० बजेदेखि बैशाख मसान्तसम्म नियमित आन्तरिक हवाई उडान स्थगन गर्ने।

२. मिति २०७८ बैशाख २३ गते राति १२:०० बजेदेखि बैशाख मसान्तसम्म सबै अन्तर्राष्ट्रिय हवाई उडान स्थगन गर्ने।

३. स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सूचीकृत गरेको होटेलमा १० दिन अनिवार्य क्वारेन्टिनमा बस्ने गरी नेपाल भारतबीच कायम Air Bubble सुविधाअन्तर्गतका दुईतर्फी उडानहरू हप्ताको दुईवटामा सीमित गर्ने। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र नेपाल प्रहरीको संयुक्त टोलीले होटेल क्वारेन्टिनमा बसे नबसेको दैनिक अनुगमन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रमा दैनिक प्रतिवेदन गर्ने। होटेल क्वारेन्टिनमा बस्नुपर्ने यात्रुले स्वास्थ्य मापदण्ड पालना नगरेको र क्वारेन्टिनमा नबसेको पाइएमा सङ्क्रामक रोग ऐन, २०२०

बमोजिम मुकरर अधिकारीसमक्ष कारवाहीको लागि लेखी पठाउने। कुनै पनि उडानमा पिसिआर पोजिटिभ भएका यात्रुलाई बोर्डिङ पास दिई यात्रा गराएमा सो उडानका सबै यात्रुको क्वारेन्टिन खर्च सम्बन्धित एयरलाइन्सले व्यहोर्ने व्यवस्था गर्ने।

४. आन्तरिक र अन्तर्राष्ट्रिय चार्टर्ड तथा उद्धार उडानको हकमा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उडान अनुमति जारी गर्ने।

५. चार्टर्ड र उद्धार अन्तर्राष्ट्रिय उडानबाट आउने/जाने यात्रुहरूको बारकोड र फोटोसहितको पिसिआर रिपोर्ट अनिवार्य गर्ने।

६. अन्तर्राष्ट्रिय सीमा स्थल नाकाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने। आपूर्ति प्रणाली सुचारु राख्न नेपाल भारत सीमाका स्वीकृत नाकाहरू यथावत् सञ्चालन गर्ने। आपूर्ति प्रणालीसम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य मापदण्ड पालना गर्ने गरी आवतजावत गर्न दिने।

७. नेपाली नागरिकको आवतजावतका लागि नेपाल भारतबीचका इलामको पशुपतिनगर, झापाको काकडभिट्टा, मोरङको रानी, महोत्तरीको भिट्टामोड, रौतहटको गौर, पर्साको वीरगञ्ज, रुपन्देहीको बेलहिया, कपिलवस्तुको कृष्णनगर, बाँकेको जमुनाह, कैलालीको गौरीफण्टा, दार्चुलाको पुलघाट, बैतडीको झुलाघाट र कञ्चनपुरको गड्डाचौकी नाका मात्र सञ्चालन गर्ने।

८. सम्बन्धित स्थानीय प्रशासनले प्रदेश सरकारको समन्वयमा उक्त सीमा नाकाहरूबाट प्रवेश गर्ने नेपालीको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा अस्पतालमा राख्ने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था गर्ने। यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने र सोका आधारमा स्थानीय तहले अनिवार्य रूपमा १० दिन होम क्वारेन्टिन र संस्थागत क्वारेन्टिनमा बसे नबसेको अनुगमन गर्ने।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

९. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सबै प्रकारका सार्वजनिक भवन, संरचना र स्थलका साथै होटेल, पार्टी प्यालेस, कारखाना, गोदामघरलगायतका संरचना सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार प्रयोग गर्नसक्ने।

१०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपचारका लागि पर्याप्त शय्याको व्यवस्था गर्न आवश्यक परे निजी क्षेत्रका अस्पतालसँग सम्झौता गरी उपचारको व्यवस्था मिलाउने।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अनुरोधमा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपालमा उपलब्ध नहुने र तत्काल खरिद गर्नुपर्ने औषधी, स्वास्थ्य सामग्री र उपकरण विदेशस्थित नेपाली नियोगहरूले प्राथमिकताका साथ खरिद गरी नेपाल पठाउने व्यवस्था गर्ने।

१२. महामारीको उच्च जोखिमलाई विचार गरी स्वास्थ्य उपचार प्रयोजनका लागि आवश्यक परेसम्म निर्माण र उद्योग व्यवसायलगायत अन्य प्रयोजनमा अक्सिजन आपूर्ति र प्रयोग गर्न रोक लगाउने। यो आदेश जारी हुनु अगाडि स्वास्थ्य उपचारबाहेक अन्यत्र प्रयोग भइरहेका अक्सिजन सिलिण्डरहरू ३ (तीन) दिनभित्र सम्बन्धित अक्सिजन उद्योग वा जिल्लास्थित अस्पतालमा बुझाउने प्रबन्ध गर्ने। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अक्सिजनको आवश्यकता आँकलन गरी सोको उपलब्धता सुनिश्चित गरी जुनसुकै सरकारी, निजी, सहकारी, सामुदायिक अस्पताल, क्लिनिक वा स्वास्थ्य केन्द्रमा उपलब्ध अक्सिजन प्रयोग गर्न गराउन सक्ने।

१३. राष्ट्रिय जनगणना, २०७८ का सम्पूर्ण गतिविधि स्थगन गर्ने।

१४. प्रकरण १ देखि १३ सम्मका निर्णयहरू सङ्क्रामक रोग ऐन, २०२० बमोजिम आदेशको रूपमा अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।

१५. प्रदेश र सो प्रदेशभित्र रहेका स्थानीय तहसँग समन्वय गरी नेपाल सरकार र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र

(सिसिएमसी) का निर्णय कार्यान्वयन गर्ने, गराउन, निर्णय कार्यान्वयनको नियमित अनुगमन गर्ने, प्रतिवेदन लिने र समस्या समाधानमा सहजीकरण गर्नका लागि नेपाल सरकारका देहायका सात जना माननीय मन्त्रीलाई तोक्ने:-

| | | |
|---|---|---|
| (क) | माननीय डा. शिवमाया तुम्बाहाङ्फे | प्रदेश नं. १ |
| (ख) | माननीय प्रभु साह | प्रदेश नं. २ |
| (ग) | माननीय पार्वत गुरुङ | वाग्मती प्रदेश |
| (घ) | माननीय पद्माकुमारी अर्याल | गण्डकी प्रदेश |
| (ङ) | माननीय प्रदीपकुमार ज्ञवाली | लुम्बिनी प्रदेश |
| (च) | माननीय प्रेम आले | कर्णाली प्रदेश |
| (छ) | माननीय लेखराज भट्ट | सुदूरपश्चिम प्रदेश |

१६. कोभिड रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारका लागि स्थानीय तहको आन्तरिक स्रोत पर्याप्त नभएमा नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध गराउने।

१७. कोभिड-१९ को पहिचान, निदान र उपचार, एम्बुलेन्स सञ्चालन, शव व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, सफाइकर्मी र सुरक्षाकर्मीको विवरण व्यवस्थित गर्ने र प्रमाणित अभिलेखका आधारमा निजहरूलाई ६ महिनासम्म शुरु तलबस्केलको ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने।

१८. सङ्घ, प्रदेश र स्थानीय तहका अस्पताल, प्रयोगशाला, सूचीकृत आइसोलेसन, क्वारेन्टिन, सीमा नाकामा रहेका हेल्थ डेस्क र केस इन्भेष्टिगेशन तथा कन्ट्र्याक्ट ट्रेसिङका लागि आवश्यकता अनुसार बढीमा एक वर्षका लागि स्वास्थ्यकर्मीहरू करार सेवामा लिने, यसरी नियुक्त स्वास्थ्यकर्मीलाई ६ महिनासम्म सम्बन्धित तहको शुरु तलबस्केलमा ५० प्रतिशत थप गरी र बाँकी ६ महिनाका लागि सम्बन्धित तहको शुरु तलबस्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने, प्रकरण १७ बमोजिमको जोखिम भत्ता उपलब्ध नगराउने।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

च.नं.:-

कोभिड-१९ बाट निधन भएकाको शव व्यवस्थापनसम्बन्धी खर्च नेपाल सरकारले व्यहोर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री सचिव, रक्षा मन्त्रालय।
श्री सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।